# प्रदेश लोक सेवा आयोग

## लुम्बिनी प्रदेश, बुटवल

**प्रदेश निजामती सेवा अन्तर्गत अधिकृतस्तर एघारौं तहका (प्राविधिक) पदहरुको कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको संशोधित सूचना ।**

सूचना नं.१४७/०८२/८३ प्रकाशन मितिः २०८२/०८/२६

प्रदेश निजामती सेवा ऐन, २०८० को दफा १० को उपदफा ७ बमोजिम तपसिल बमोजिमका पदहरुमा कार्यक्षमताको मूल्याङ्कनद्धारा बढुवा गरिने भएकोले बढुवाका लागि सम्भाव्य उम्मेदवारहरुले प्रदेश लोक सेवा आयोगवाट निर्धारित ढाँचाको दरखास्त फाराममा उल्लेखित विवरण खुलाई मिति २०८२/१०/०१ गते सम्म दरखास्त दिनुहुन यो सूचना प्रकाशन गरिन्छ ।

<u>तपसिल</u>

| क्र.सं. | बढुवा सूचना नं | पद | तह | सेवा/समूह | कार्यक्षमता मूल्याङ्कनद्वारा हुने पद संख्या |
|---|---|---|---|---|---|
| १ | ५/०८२-८३ | प्रमुख जनस्वास्थ्य प्रशासक | एघारौं | प्रदेश स्वास्थ्य/हे.ई. | १ |
| २ | ६/०८२-८३ | प्रमुख स्वास्थ्य शिक्षा प्रशासक | एघारौं | प्रदेश स्वास्थ्य/हेल्थ एजुकेशन | १ |
| ३ | ७/०८२-८३ | प्रमुख मेडिकल ल्याव टेक्नोलोजिष्ट प्रशासक | एघारौं | प्रदेश स्वास्थ्य/ मे.ल्या.टे./जनरल मे.ल्या.टे. | १ |
| ४ | ८/०८२-८३ | प्रमुख कन्सल्टेण्ट मेडिकल जनरलिष्ट | एघारौं | प्रदेश स्वास्थ्य/मेडिकल जनरलिष्ट | २ |
| ५ | ९/०८२-८३ | प्रमुख कन्सल्टेण्ट अब्टेट्रिक्स एण्ड गाइनोकोलोजिष्ट | एघारौं | प्रदेश स्वास्थ्य/अब्टेट्रिक्स तथा गाइनोकोलोजी | १ |
| ६ | १०/०८२-८३ | प्रमुख कन्सल्टेण्ट सर्जन | एघारौं | प्रदेश स्वास्थ्य/सर्जरी/ जनरल सर्जरी | १ |
| ७ | ११/०८२-८३ | प्रमुख कन्सल्टेण्ट ऐनेस्थेसियोलोजिष्ट | एघारौं | प्रदेश स्वास्थ्य/एनेस्थेसियोलोजी | १ |

| क्र.सं. | बढुवा सूचना नं | पद | तह | सेवा/समूह | कार्यक्षमता मूल्याङ्कनद्वारा हुने पद संख्या |
|---|---|---|---|---|---|
| ८ | १२/०८२-८३ | प्रमुख कन्सल्टेण्ट साईक्याट्रिष्ट | एघारौं | प्रदेश स्वास्थ्य/साईक्याट्रि | १ |
| ९ | १३/०८२-८३ | प्रमुख कन्सल्टेण्ट जनरल फिजिसियन | एघारौं | प्रदेश स्वास्थ्य/मेडिसियन/ जनरल मेडिसिन | १ |
| १० | १४/०८२-८३ | प्रमुख अस्पताल नर्सिङ प्रशासक | एघारौं | प्रदेश स्वास्थ्य/जनरल नर्सिङ | १ |
| ११ | १५/०८२-८३ | प्रमुख मेडिकल सुपरीटेन्डेन्ट | एघारौं | प्रदेश स्वास्थ्य/ज.हे.स. | २ |
| १२ | १६/०८२-८३ | प्रमुख कन्सल्टेण्ट पेडियाट्रिसियन | एघारौं | प्रदेश स्वास्थ्य/ पेडियाट्रिक्स/ पेडियाट्रिक्स मेडिसिन | १ |
| १३ | १७/०८२-८३ | प्रमुख कन्सल्टेण्ट रेडियोलोजिष्ट | एघारौं | प्रदेश स्वास्थ्य/रेडियोलोजी | १ |
| १४ | १८/०८२-८३ | प्रमुख कन्सल्टेण्ट डेन्टल सर्जन | एघारौं | प्रदेश स्वास्थ्य/ डेन्टिष्ट्री/जनरल डेन्टल | १ |
| १५ | १९/०८२-८३ | प्रमुख कन्सल्टेण्ट डर्माटोलोजिष्ट | एघारौं | प्रदेश स्वास्थ्य/डर्माटोलोजी, लेप्रोलोजी र भेनरल डिजिजेज | १ |
| १६ | २०/०८२-८३ | प्रमुख कन्सल्टेण्ट अर्थोपेडिक सर्जन | एघारौं | प्रदेश स्वास्थ्य/सर्जरी/ अर्थोपेडिक सर्जरी | १ |
| १७ | २१/०८२-८३ | सुपरिटेण्डेन्ट इन्जिनियर | एघारौं | प्रदेश इन्जिनियरिङ्ग* | १ |
| १८ | २२/०८२-८३ | सहसचिव (प्रा.)/महानिर्देशक | एघारौं | प्रदेश कृषि* | १ |
| १९ | २३/०८२-८३ | महानिर्देशक | एघारौं | प्रदेश वन* | १ |
| २० | २४/०८२-८३ | सहसचिव/महानिर्देशक | एघारौं | प्रदेश शिक्षा/शिक्षा प्रशासन/निरिक्षण | १ |

** यस आयोगको सूचना नं. १५९, मिति २०८२/०८/२६ को सूचना अनुसार सूचना संशोधन गरी समूह हटाइएको।*

दरखास्त फाराम प्रदेश लोक सेवा आयोगको बेवसाइट www.ppsc.lumbini.gov.np बाट डाउनलोड गर्न सकिनेछ । सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेश गर्ने अन्तिम मिति भित्र आयोगको कार्यालयमा बुझाइ सक्नुपर्नेछ । प्राप्त हुन आएका दरखास्तलाई बढुवा सूचना नम्बर अनुसार एकमुष्ठ रुपमा सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाईनेछ । म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही हुने छैन।

## उमेदवारहरुले दरखास्त दिंदा ध्यान दिनुपर्ने विषयहरु

१. प्रदेश निजामती सेवा ऐन,२०८० को दफा ३२ बमोजिम बढुवाको लागि उमेदवार हुन अयोग्य नभएको हुनुपर्नेछ।

२. जेष्ठताको गणना प्रदेश निजामती सेवा ऐन, २०८० को दफा २७ र प्रदेश निजामती सेवा नियमावली, २०८० को नियम ५७(२) बमोजिम हुनेछ ।

३. दरखास्त फाराम भर्दा राष्ट्रिय किताबखाना (निजामती) वाट आफूले पाएको संकेत नम्बर अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ ।

४. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपी अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

५. दरखास्त फारामको सम्पूर्ण महलहरुमा उल्लेख भएबमोजिमका विवरणहरु स्पष्ट खुलाउनु पर्नेछ। दरखास्त फाराम भर्दा मूल्याङ्कनको लागि गणना हुने पछिल्लो पाँच बर्षको कार्यसम्पादन मूल्याङ्कन पेश गरेको कार्यालयको नाम, हालको श्रेणी /तहमा अध्ययन विदा र तालिम लिएको भए सो अवधि तथा गयलकट्टी भएको भए सो समेतको विवरण पेश गर्नुपर्नेछ ।

६. कार्यक्षमताको मूल्याङकनद्वारा हुने बढुवाको हकमा प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ३८(४) र दफा ३९(१)(ग) बमोजिमको तालिमको प्रमाणपत्र पेश गर्नुपर्नेछ ।

७. बढुवाको लागि हुने न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ३१, दफा ३८(२) र प्रदेश निजामती सेवा नियमावली २०८० को नियम ७० बमोजिम हुनुपर्नेछ ।

८. बढुवा सम्बन्धि अन्य व्यवस्था प्रदेश निजामती सेवा ऐन, २०८०, प्रदेश निजामती सेवा नियमावली, २०८० बमोजिम हुनेछ ।

**दरखास्त दस्तुर:** रु. १५००/- (एक हजार पाँच सय रुपैयाँ)

**दरखास्त दस्तुर बुझाउने स्थान:** राष्ट्रिय बाणिज्य बैंकमा रहेको खाता नं १०००१००२०००१०००० मा दस्तुर जम्मा गर्नुपर्नेछ ।

**कार्यालय कोड:** २१०००४८०१५

**राजस्व शिर्षक नं.** १४२२४ (लुम्बिनी प्रदेश लोक सेवा आयोग)

**नोट:** कार्यसम्पादन मूल्याङ्कनद्धारा हुने बढुवाको लागि राजस्व बुझाएको सक्कलै बैंक भौचर दरखास्त साथ पेश गर्नुपर्नेछ ।

***